गाउँसभामा पेश मिति :२०८३।०३।०५

# तिनाउ गाउँपालिका

# २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम

## तिनाउ गाउँपालिका

## दोभान,पाल्पा

## लुम्बिनी प्रदेश, नेपाल

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु,**

२०७२ असोज ३ गते जारी नेपालको संविधान सँगै लागु भएका संघीय शासन प्रणाली अनुसार स्थापित तीन तहको सरकार अन्तर्गत लोकतान्त्रिक गणतन्त्रको महत्वपूर्ण र सुन्दर पक्ष आवधिक निर्वाचन अनुरुप स्थानीय तह निर्वाचन २०७९ का माध्यमबाट यस तिनाउ गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भई कार्यभार सम्हालेको समेत चार बर्ष पुरा भई पाँचौ बर्ष पुगिसकेको छ र पाँचौ वर्षमा प्रवेश गर्दै गर्दा आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवबोधको महशुस गरेको छु ।

यस घडीमा सर्वप्रथम राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधि मार्फत राज्य सञ्चालन गर्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा भएका जनआन्दोलन एवम् विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता,राष्ट्रिय हित एवम् स्वभीमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान भाव व्यक्त गर्दै नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुर्याउनुभएको योगदान स्मरण गर्न चाहन्छु ।

गत वर्ष यस गाउँपालिकाले प्रस्तुत गरेको नीति कार्यक्रम मार्फत सुशासन प्रवर्द्धन, महिला,लक्षित वर्ग तथा समुदायको क्षमता अभिवृद्धि तथा सशक्तीकरण गरी विकासमा मुल प्रवाहीकरण, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण सहित पकेट क्षेत्र विकास, शिक्षा र स्वास्थ्य क्षेत्रमा आवासिय व्यवस्थापन, विपन्न वर्गको पहुँच र सुधार, सिप तथा कौशलको विकास गरी स्वरोजगार प्रवर्द्धन, शैक्षिक धरोहरको भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि, पर्यटन विकासमा जोड दिँदै समृद्ध तिनाउ गाउँपालिका निर्माण गर्ने प्रतिबद्धता एवम् कार्यदिशा अगाडी सारिएको थियो ।जस अनुरुप तत् तत् क्षेत्रहरुमा सकारात्मक प्रतिफल प्राप्त भई दिगोपना सुनिश्चितता तर्फको यात्रामा दिशा निर्देश भएको छ ।

कर्मचारीहरुको पदपूर्ती तथा सरुवा नियमित रुपमा नहुँदा दरबन्दी अनुरुपका कर्मचारीहरुको पदपूर्तीमा समस्या सिर्जना भई लक्ष्य अनुरुप कार्यसम्पादनमा व्यवधान सिर्जना भएको अवस्थामा कानुनी स्पष्टता सँगै सहजता प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान कटौती,जटिल तथा चुरेयुक्त कठिन भू बनोट, अस्थिर राष्ट्रिय राजनिति ,निर्वाचन समय तथा विश्वव्यापी मूल्य वृद्धि लगायतका बावजुदमा समेत गाउपालिकाको निरन्तर प्रयास तथा अहोरात्र खटाईले यस अवधिमा महत्वपुर्ण र उपलब्धिहरु हासिल भएका छन् ।सुशासनलाई विगतका भन्दा प्रभावकारी बनाई प्रवर्द्धन गरिएको छ ।

बालमैत्री स्थानीय शासन घोषणा गर्ने दृढ सोचका साथ अगाडि बढेको गाउँपालिकाको अभियान एवं प्रयासलाई सम्पूर्ण सरोकारवालाहरुले समन्वय र सहजीकरणका साथ अन्तिम चरणमा पुगेको जानकारी गराउँदै बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका निर्माण गर्ने अभियानमा साथ दिनु हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

संविधानले दिएका अधिकारहरु प्रयोग गरी विगत चार वर्ष भित्र आवश्यक कानुन तथा कार्यविधिहरु निर्माण भएका छन् । हरेक विद्यालयको वास्तविक अवस्था अध्ययन गर्ने प्रयत्न गरिएको छ। विद्यालय अनुगमन गरी विद्यालय/तह/कक्षा मर्ज गरिएको छ र आवासीय छात्रावास समेत सञ्चालन गरिएको छ । सडकहरु क्रमशः स्तरोन्नति भएका छन्। विभिन्न वडा र टोलहरुमा कृषि पकेट क्षेत्र घोषणा गरी आधुनिक कृषि औजारहरु वितरण गरिएको छ । कृषक एवम् पशुपालक जनतालाई उत्पादनमा आधारित अनुदान प्रदान गरिएको छ । यान्त्रिकिकरण तथा बजारीकरणमा सुधार गरिएको छ । जन्तीलुङ्ग,मरामकोट लगायतका स्थानमा होमस्टे प्रर्बद्धन कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइएको छ ।

समृद्ध तिनाउ गाउँपालिकाको यात्रामा अगाडी बढ्दै गर्दा तिव्र बसाईसराई दर, जटिल तथा छरिएर रहेको बस्ती,दायित्व विहिन अधिकारको अपेक्षा,सार्वजनिक हितमा साझा अपनत्वको अभाव,स्वरोजगार तथा सिपको उचित सदुपयोगको कमि जस्ता चुनौतीहरुको सामना गर्दै समृद्ध तिनाउ बनाउने दृढ संकल्पका साथ अगाडि बढिरहको अवस्था विद्यमान नै छ ।

गाउँसभा सदस्यज्यूहरु,

विगत चार वर्ष हाम्रो लागि सिकाई सँगै उपलब्धी अभ्यासको रुपमा रह्यो। यस बीचमा हामीले धेरै अनुभव लिने अवसर पाएका छौं । विगत वर्षहरुमा निर्माण भएका नीति कार्यक्रम र बजेट कार्यान्वयनको चरणमा देखिएका कमजोरी र समस्याहरुबाट पाठ सिक्दै नगरिकको आवश्यकता र चाहना एवम् गाउँपालिकाको उद्देश्य र लक्ष्य अनुसार साथै नेपाल सरकारको वि.स. २०८७ सम्म दिगो विकासका लक्ष्य हासिल गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य लगायत राष्ट्रिय नीति तथा लक्ष्यलाई समेत आधार मान्दै आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गरिएको छ । तिनाउ गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि सदैव सकारात्मक सोचका साथ हामीलाई सहयोग, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने तिनाउबासी, आमाबुबा, दाजुभाई/दिदिबहिनीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अपनाइएका विधि, आधार र मार्गदर्शन**

सभाका सदस्यज्यूहरु,

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अपनाइएका विधि, आधार र मार्गदर्शन बारेमा जानकारी गराउन चाहन्छु ।

- संविधान एवम् प्रचलित कानूनी व्यवस्था
- दिगो विकासका लक्ष्यहरु
- श्रोत अनुमान तथा बजेट तर्जुमा समितिको सिफारिस
- विभिन्न विषयगत समितिको सुझाव एवम् सिफारिस
- राजश्व परामर्श समितिले तयार गरेको वार्षिक आन्तरिक श्रोत
- संघीय/प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ
- अर्थ मन्त्रालय तथा योजना आयोगको नीति तथा निर्देशन
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- लुम्बिनी प्रदेशको गाउँ सभा/नगर गाउँसभा (सञ्चालन कार्यविधि) ऐन, २०७६
- गाउँपालिका क्षेत्र भित्रका विषय विज्ञको राय, सल्लाह एवम् सुझावहरु
- गाउँपालिकामा हाल सम्म तर्जुमा भएका ऐन/नियमावली/निर्देशिका/ मापदण्ड/ रणनीति/ कार्यविधि
- तिनाउ गाउँपालिका आगामी आर्थिक वर्ष २०८३।०८४ को बार्षिक निति तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन ।
- अनुभव तथा सिकाई

**चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण**

सभाका सदस्यहरु,

- अब म चालु आ.व.का हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा आजको मिति सम्म भवन निर्माण तथा स्तरउन्नतीको काम ३३ वटाको सम्पन्न भएको छ, करिव १३.५ कि.मी सडक स्तरोन्नती भएको छ, १३ वटा मठमन्दिर निर्माणको काम सम्पन्न भएको छ, खानेपानी योजना १८ वटा सम्पन्न भएका छन्, १२ वटा खेलकुद मैदानको निर्माण सम्न्न भएको छ, सिँचाई योजना १८ वटा निर्माण भएका छन,सम्पूर्ण विद्यालयमा घेराबार गर्ने कार्य सम्पन्न भएको छ, गाउँपालिका भित्र २ वटा पार्क निर्माण गर्ने काम भएको छ, गाउँपालिकाको विभिन्न स्थानमा १ वटा पोखरी निर्माणको काम सम्पन्न भएको छ ।

- प्रस्तुत क्रियाकलापको काम गर्दा गाउँपालिकाले चालु आर्थिक वर्षमा पारित गरेको नीति, कार्यक्रम तथा बजेट खर्चलाई व्यवस्थापन गर्न गाउँपालिकाले चालु आर्थिक वर्ष संघीय सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. ९ करोड ५० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ८ करोड ६८ लाख ७७ हजार ५ सय ,९१.७६ प्रतिशत, शसर्त अनुदान चालु तर्फ रु. २२ करोड ५२ लाख अनुमान गरिएकोमा हालसम्म रु. १७ करोड ४७ लाख ७८ हजार, ७७.६१ प्रतिशत, शसर्त अनुदान पुँजिगत तर्फ रु. १५ लाख अनुमान गरिएकोमा हालसम्म ४ करोड ९९ लाख, ३३ प्रतिशत, विशेष अनुदान चालू तर्फ ३ करोड ६४ लाख अनुमान गरिएकोमा १ करोड १८ लाख ७३ हजार र समपूरक अनुदान पूँजीगत तर्फ रु १ करोड ५० लाख अनुमान गरिएकोमा हाल सम्म प्राप्त हुन नसकि कुल प्रस्तावित अनुमान आयको ७३.४५ प्रतिशत मात्र संघीय सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।
- यसै गरी गाउँपालिकाले चालु आर्थिक वर्ष प्रदेश सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. ६२ लाख ५२ हजार अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४६ लाख ८९ हजार ७५ प्रतिशत, शसर्त अनुदान पूँजीगत १ करोड ६५ लाख अनुमान गरिएकोमा ६८ लाख ३३ हजार ४१.४१, समपूरक अनुदान पूँजिगत रु.७५ लाख अनुमान गरिएकोमा २४ लाख ९९ हजार गरि कुल प्रस्तावित अनुमान आयको ४९.३६ प्रतिशत मात्र प्रदेश सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।

- चालु आर्थिक वर्षमा राजस्व बाँडफाँड तर्फ मुल्य अभिवृद्धि कर तर्फ रु. ७ करोड ५३ लाख ८९ हजार , अन्त शुल्क तर्फ रु. २ करोड ५१ लाख ,सवारी साधन कर रु. ९४ लाख ७४ हजार, दहत्तर बहत्तर शुल्क रु. ५२ लाख ४० हजार गरी कुल जम्मा रु.११ करोड ५२ लाख ३२ हजार आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म मुल्य अभिवृद्धि कर तर्फ रु. ५ करोड ८५ लाख ७७.६१ प्रतिशत, अन्तशुल्क तर्फ रु. २ करोड ६५ लाख ५५ हजार १०५.६६ प्रतिशत, सवारी साधन कर रु. ८५ लाख ८० हजार ९०.५७ प्रतिशत र बाँडफाँड भै प्राप्त हुने दहत्तरबहत्तर विक्रिबाट प्राप्त आय १० लाख ३४ हजार गरी कुल जम्मा रु. ९ करोड ४६ लाख ७७ हजार ८२.०६ प्रतिशत आम्दानी प्राप्त गर्न सफल भएको छ ।
- गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ कुल प्रस्तावित अनुमान रु १२ करोड १८ लाख अनुमान गरेकोमा अन्य क्षेत्रको आय १ करोड ३३ हजार ,बैंक मौज्दात ६ करोड १० लाख ८५ हजार,अन्य सेवा शुल्क तथा बिक्री ६२ लाख ८६ हजार,भूमि मालपोत कर ७ लाख ८१ हजार लगायत गरि हालसम्म कुल ८ करोड ४ लाख ३९ हजार आम्दानी गर्न सफल भएको छ ।

- गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा चालु तर्फ रु. ३९ करोड ६४ लाख ८ हजार विनियोजन गरेकोमा हाल सम्म जम्म रु. २४ करोड ९७ लाख ९ हजार खर्च गरी ६२.९९ प्रतिशत खर्च प्रगति भएको छ ।
- गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा पुँजिगत तर्फ रु. २५ करोड ५८ लाख ६७ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ९ करोड २१ लाख ५२ हजार मात्र खर्च गरी ३६.०२ प्रतिशत पुँजिगत खर्च  प्रगति भएको अवस्था छ ।
- गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ६५ करोड २२ लाख ७५ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ३४ करोड १८ लाख ६२ हजार खर्च गरी जम्मा ५२.४१ प्रतिशत मात्र खर्च प्रगतिको अवस्था रहेको छ ।
- शैक्षिक पूर्वाधारमा पर्याप्तता प्रदान गर्न पृथ्वी प्रकाश मा.वि., थानीडाँडा मा.वि., मस्याम मा.वि. होस्टल व्यवस्थापन गर्न भौतिक पूर्वाधार निर्माणको कार्य सुरु भइ सम्पन्नको अन्तिम चरणमा पुगेको ।
- दोभान माध्यमिक विद्यालयमा अंग्रेजी माध्यम व्यवस्थापनको लागि भवन मर्मत तथा व्यवस्थापन गरि पठन पाठन सुरुवात गरिएको ।
- शैक्षिक गुणस्तरमा अभिवृद्धी गर्ने प्रयोजनार्थ विभिन्न विद्यालयहरुमा प्रविधमैत्री सिकाइ तथा शिक्षण बिधी अवलम्बन गर्नको लागि २२ थान स्मार्ट बोर्ड,२० थान स्मार्ट टिभी, ७ थान प्रिन्टर,५ थान डेस्कटप कम्प्यूटर र ७ थान ल्यापटप साथै अंग्रेजी विज्ञान र गणितका प्रयोगात्मक सामाग्रीहरु उपलब्ध गराइएको ।
- बाल विकास केन्द्रलाई  भुँइ बसाइ व्यवस्थापन, विद्यालयहरुलाइ प्रयाप्त फर्निचर  प्रदान गरी शैक्षिक गुणस्तर र प्रविधिमैत्री सिकाइमा अभिवृद्धि गर्न  संघीय बिशेष अनुदान मार्फत विद्यालयको माग अनुसारको काम सम्पन्न हुने चरणमा छ । कृषि तथा पशुपालनतर्फको  संघीय विशेष योजना र गाउँपालिकाबाट ३०६ वटा हाते टयाक्टर ४६ वटा कुटानी पिसानीमिल वितरण कार्य सम्पन्न भएको छ ।
- उन्नत बिउ उपयोगमा अनुदान तर्फ कुल १६ वटा कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म ६३० के.जी. गौतम जातको गहुँ बिउ तथा १७ वटा कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म लाई १२९५ के.जी. बिभिन्न जातको धानको उन्नत बिउ बितरण कार्य सम्पन्न भएको छ ।
- तर्फ आलु खेति प्रवर्द्धन,रैथाने बाली (कोदो/ फापर) संरक्षण तथा प्रवर्द्धन, सुन्तला जात फलफुल बगैचा स्थापना लगायतका कार्यक्रम सम्पन्न भएको छ।
- जन्तिलुङ्ग र मरामकोटमा ९ वटा होमस्टे पाहुना घर निर्माणको कार्य सम्पन्न भई सञ्चालनमा रहेको छ ।

- ९ माध्यामिक विद्यालयहरुमा एस.ई.ई तयारिको लागी प्रति विद्यार्थी दैनिक हाजिर दिनको रु १०० का दरले ३ महिना बढिका लागी खाना खाजा व्यवस्थापन गरिएको छ ।
- गाउँपालिका अन्तर्गत ६ वटै वडा भित्रका १४१ घर पालुवा तथा छाडा कुकुर-विरालोहरुलाई रेविज रोग विरुद्ध निशुल्क खोप लगाउने कार्य संचालन गरिएको छ ।
- मासुको लागि पाडा प्रवर्धन कार्यक्रम अन्तर्गत ३९ वटा पाडा खरिद तथा वितरण साथै दलित लक्षित कार्यक्रम अन्तर्गत ५५० चल्ला तथा ३० के.जि. दाना वितरण गरिएको। सम्पुर्ण वडामा खोरेत रोग विरुद्ध २६,३०८ पशुलाई खोप, पि.पि.आर विरुद्ध १५,००० खोप, लम्पि स्किन रोग विरुद्ध २,५०० खोप लगाइएको छ ।
- कृत्रिम गर्भाधान मिसन कार्यक्रम अन्तर्गत २०० लिटर तरल नाइट्रोजन खरिद गरीएको छ।
- तिनाउ कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत बाख्रा ११५ वटा, बोका १९ वटा, चाप कटर ३ वटा, भैसि ९ वटा, गाई १७ वटा वितरण भएको तथा खोर/गोठ निर्माण २५ वटा, गोठ सुधार ३७ वटा सम्पन्न भएका छन ।
- यस तिनाउ गाउँपालिका तथा सम्पुर्ण वडा बाट हाल सम्म. १,७०५ घर धुरीको २६,३०८ पशु संख्यालाई उपचार तथा औषधि वितरण कार्य भएको छन ।
- घुम्ति शिविर अन्तर्गत ३०७६ पशुपंछीलाई सेवा दिइएको।साथै जनजाति लक्षित कार्यक्रम अन्तर्गत ७० गोटा वंगुरको पाठापाठी वितरण गरीएको छ ।

## आगामी आ.व.का प्राथमिकताका क्षेत्रहरु

सभाका सदस्यहरु,

तिनाउ गाउँपालिकाले आत्मसात गरेको नारा **शिक्षा,स्वास्थ्य ,कृषि,उद्योग,पर्यटन र पूर्वाधार ; समृद्ध तिनाउको मूल आधार** लाई साकार पार्ने गरि आगामी आर्थिक बर्षमा तिनाउ गाउँपालिकालाइ गुणस्तरिय शैक्षिक थलोको रुपमा विकास गर्दै स्वास्थ्य ,कृषि/पशु,पर्यटन र पूर्वाधारलाई प्रमुख प्राथमिकतामा राखिएको छ । यसै शैक्षिक गुणस्तरमा सुधार तथा स्तरोन्नती गर्ने अभिप्रायले विद्यालय/कक्षा मिलान सोही अनुरुप दरबन्दी मिलान तथा आवासीय छात्रावास लाई बिशेष प्राथमिकता राखिएको छ । स्वास्थ्य सेवामा सबै तिनाउवासीको सहज पहुँच हुने आवश्यक व्यवस्था मिलाउने गरि कार्यक्रम तय गरिएको छ । उत्पादनमा आधारित कृषि तथा दुग्ध उपजमा अनुदान प्रदान गरि आत्मनिर्भर र व्यावसायीमुखी कृषि तथा पशु विकासमा टेवा पुर्याउने प्राथमिकता लिइएको छ । सबै क्षेत्र तथा सर्वपक्षिय विकास तथा सुशासन कायम गरि सो को आम जनजीवनमा अनुभूति गर्ने गरि सबै क्षेत्रलाई प्राथमिकतामा राखी निति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

सभाका सदस्यहरु,

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि देहाय बमोजिमका क्षेत्रगत नीतिहरु सम्मानित सभामा प्रस्तुत गर्दछु ।

## सामाजिक विकास

### शिक्षा सम्बन्धि नीति

१. विद्यालयहरुको नियमित अनुगमन गरी नतिजा सुधारका लागि पहल गरिनेछ ।नतिजा सुधारका लागि विद्यालयलाई प्रविधिमैत्री बनाई स्मार्ट बोर्डको प्रयोग गरी अध्यापन गराईनेछ । अभिभावक शिक्षा, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई समेत विद्यालयको गुणस्तर र नतिजा सुधारका लागि आबश्यक क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरीनेछ । नतिजा सुधारका लागि माध्यमिक शिक्षा परीक्षामा सहभागी हुने विद्यार्थीहरुलाई दिईदै आएको खाजा रकमलाई निरन्तरता दिइने छ ।

२. "जहाँ विद्यार्थी त्यहाँ शिक्षक" नीति कार्यान्वयन गर्न गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा विद्यार्थी सङ्ख्या धेरै भएका विद्यालयहरुमा दरबन्दी मिलान तथा विद्यालयका विषयगत शिक्षकहरुको दरबन्दी मिलान गर्ने व्यवस्था मिलाइनेछ । भौगोलिक विकटताको कारण विद्यालयहरुमा सहज पहुँच पुर्याउन नसकिएका तथा अनिवार्य र निशुल्क आधारभूत शिक्षा उपलब्ध गराउन विद्यार्थीहरुलाई गाउँपालिकाको उपयुक्त विद्यालयहरुमा आवासिय विद्यालय स्थापना गरी शिक्षामा पहुँच पुर्याइनेछ ।

३. गाउँपालिका भित्रका सबै वडाका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्राविधिक शिक्षाको छात्रवृति दिने व्यवस्था मिलाइनेछ । विपन्न र अभिभावक विहिन बालबालिकालाई माध्यमिक तह सम्मको शिक्षामा विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्मको बसाई व्यवस्थापन तथा कक्षा कोठालाई आकर्षण गराउन शैक्षिक सामाग्री सहित अध्ययन गर्ने वातावरण सिर्जना गरिनेछ ।

४. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालय जाने उमेरका सम्पूर्ण विद्यार्थीहरुलाई अनिवार्य रुपमा विद्यालय सम्म पहुँच पुर्याउने वातावरणको सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ ।

५. शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयको व्यवस्थापन पक्षलाई सबल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । शिक्षाको नतिजा तथा गुणस्तर सुधारका लागी सुक्ष्म

व्यवस्थापनको माध्यमबाट उत्कृष्ट कार्य सम्पादनको लागी कार्ययोजना निर्माण गरिनेछ । गाउँपालिकाका सबै विद्यालयहरुमा अध्यापन गराउने शिक्षकहरुको सम्बन्धीत विद्यालयको प्रधानाध्यापक सँग र प्रधानाध्यापकहरुको गाउँपालिकासँग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्थालाई लागु गरिनेछ । विद्यालय सुधारमा उल्लेखनीय कार्य गर्ने प्रधानाध्यापकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

६. गाउँपालिका भित्र रहेका पुर्वाधार, पुरातात्विक महत्वका क्षेत्र, स्थानीय भाषा, मातृ भाषा, कला, साहित्य, संस्कृति, खानी र आर्थिक विकासका विषयहरु समावेश गरी कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम र सोही पाठ्यक्रममा आधारित रहि पाठ्यपुस्तक तयार गरिनेछ ।गाउँ शिक्षा योजना तर्जुमा गर्ने कार्यलाई अगाडी बढाईनेछ।

७. विद्यार्थीहरुको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि विद्यालय स्तरीय खेलकुद लगायतका अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

८. सामुदायिक विद्यालयमा बाल कक्षा देखि कक्षा ६ सम्म अध्ययन गरिरहेका बालबालीकाहरुको पोषण सुधारको लागि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९. विद्यालयका प्रधानाध्यापक, विषयगत शिक्षकहरुको क्षमता अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउन विषयगत मनोपरामर्श लगायतका तालिम, अन्तरक्रिया, गोष्ठी, कार्यशालाहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।शैक्षिक उपलब्धि, विद्यालयको शैक्षिक सुधार तथा समग्र विद्यालयको विकासको आधारमा विद्यालय र शिक्षकलाई प्रोत्साहित गर्न लागि उत्कृष्टताका आधारमा पुरस्कृत गर्दै लगिनेछ ।

१०. विद्यार्थीहरुको आवतजावतलाई सहजीकरण गर्नका लागि क्रमशः स्कूल वसको व्यवस्थापन गर्दै लगिनेछ।विद्यालयका कक्षा कोठामा बिद्यार्थी बसाई व्यवस्थापनको लागि भूइ वसाइ, फर्निचर लगायतका भौतिक संरचनाहरुको व्यवस्थापन गर्दै लगिनेछ ।

**<u>जनस्वास्थ्य सम्बन्धि नीति</u>**

११. तिनाउबासीको समग्र स्वास्थ्यमा सुधार गरी स्वस्थ तिनाउ, समृद्ध तिनाउलाई मध्येनजर गर्दै गाउँपालिकामा स्वास्थ्य सम्बन्धि सुरक्षित मातृत्व, पोषण, प्रजनन स्वास्थ्य, क्षयरोग,कुष्ठरोग जस्ता रोगहरुको नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रमहरु आयोजना गरिनेछ। सरोकारवाला

संघसस्थाहरुसँग सहकार्य गरी विशेषज्ञ स्वास्थ्य शिविरहरु संचालन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१२. सबै स्वास्थ्य संस्थाहरुबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु र औषधिहरु निःशुल्क उपलब्ध गराईने व्यवस्था मिलाईनेछ। सडक दुर्घटनामा घाईतेलाई प्राथमिक उपचार तथा प्रसुति सेवा लिन नजिकको स्वास्थ्य संस्थाहरुसम्म पुग्न निःशुल्क यातायातको सुविधालाई निरन्तरता दिइनेछ ।

१३. शारीरिक र मानसिक जीवनको सबैभन्दा महत्वपुर्ण समय सुनौलो हजार दिनका कार्यक्रमलाई निरन्तरता दिदैं पोषणमैत्री स्थानीय शासन प्रबर्द्धनका कार्यक्रमहरु अगाडि बढाईनेछ ।

१४. नसर्ने रोगको बढ्दो चापलाई न्यूनिकरणका लागि स्वास्थ्य प्रबर्द्धनात्मक सेवा तथा स्क्रिनिङ कार्यक्रमहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ । साथै नसर्ने रोगको आधारभूत उपचारको लागि आवश्यक थप औषधिहरुको व्यवस्थापन गरिनेछ ।

१५. रक्तदान प्रबर्द्धन तथा सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिईनुका साथै रक्तसंचार केन्द्रसँग सहकार्य गरी रगतको सहज र निःशुल्क उपलब्धता गराईनेछ।

१६. १५ महिना पुगेका बालबालिकाहरुले पाउनुपर्ने सम्पूर्ण खोप पाएको सुनिश्चितताको लागि आवश्यक क्रियाकलापहरु संचालन गरिनेछ ।

१७. विद्यार्थीहरुमा स्वास्थ्य सम्बन्धी ज्ञान अभिवृद्धि गर्नुका साथै व्यवहारिक स्वास्थ्य शिक्षाका लागि विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

१८. महामारीको अवस्थामा तत्कालै प्रतिकार्य गर्न द्रुत प्रतिकार्य टोली निर्माण, परिचालन गर्नुका साथै विपद् व्यवस्थापनको तयारीको लागि प्राथमिक उपचार, उद्दारका तालिमहरुको संचालन गरिनेछ ।

१९. गाउँपालिका भित्रका सेवा प्रदायक स्वास्थ्य संस्था, क्लिनिक, नागरिक आरोग्य सेवा केन्द्रहरुको स्तरोन्नती गर्दै लगिनेछ । आवश्यक सामाग्रीहरुको उचित व्यवस्थापन गर्दै किशोरकिशोरीमैत्री, पोषणमैत्री स्वास्थ्य संस्थाहरु क्रमशस् निर्माण गर्दै लगिनेछ ।

२०. अति विपन्न, दीर्घ रोगीहरु, अपाङ्ग लगायत आवश्यक घरपरिवारहरुलाई स्वास्थ्य बिमामा आबद्ध गर्न आवश्यक सहजीकरण गरिनेछ । गाउँपालिका भित्र रहेका औषधि पसल लगायत आमाको दुधलाई प्रतिस्थापन गर्ने सामाग्री उत्पादन तथा विक्रि वितरण गर्ने पसलहरुमा नियमित अनुगमन र नियमन गरिनेछ ।

२१. घुम्ती प्रयोगशाला सेवालाई थप प्रभावकारी बनाई निरन्तरता प्रदान गरिनेछ।

**खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धि नीति**

२२. गाउँपालिका भित्र रहेका खेलाडिहरुको पहिचान तथा विकासको लागि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, **अध्यक्ष कप** खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्र संचालन हुने सबै खेलकुदको लागि शिक्षा युवा तथा खेलकुद शाखाबाट वार्षिक कार्यक्रम बनाई एकद्वार नीतिको माध्यमबाट खेलकुदको विकासमा सहयोग पुर्याइनेछ ।

२३. व्यक्तिगत तथा सामूहिक खेलकुद विकासका लागि आवश्यक पुर्वाधार, खेल सामग्रीहरुको व्यवस्था गर्दै नयाँ खेलहरुको प्रशिक्षण गराइ खेल प्रतिभाहरुको खोजी, प्रोत्साहन तथा बिकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । साथै गाउँपालिका स्तरीय खेलमैदान तथा वडा खेलमैदानको स्तरोन्नती गरीनेछ ।

**खानेपानी तथा सरसफाई व्यवस्थापन सम्बन्धि नीति**

२४. गाउँपालिकामा सञ्चालित लिफ्टिङ खानेपानीलाई थप व्यवस्थित वनाउदै दिईदै आएको पचास प्रतिशत अनुदानलाई निरन्तरता दिदै खानेपानीको मुहान संरक्षणको लागि परम्परागत पानीको श्रोतको संरक्षण, सम्बर्धन लगायतका योजना बनाई गाउँपालिकावासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन आवश्यकता अनुसार खानेपानी तथा सरसफाई पूर्वाधार निर्माणमा विशेष जोड दिई **"एक घर एक धारा "** को अवधारणा अनुसार खानेपानी योजना सञ्चालनमा ल्याईनेछ ।

२५. गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वचछता योजनाको आधारमा गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणाका लागि पहल गरिनेछ ।सबै खानेपानी योजनाको नियमित रुपमा अनुगमन र गुणस्तर परीक्षण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।खानेपानी सुरक्षा योजना तथा खानेपानीको नियमित गुणस्तर जाँच गर्ने कार्यलाई अनिवार्य गरी सुरक्षित पिउने पानीको उपलब्धतालाई सुनिश्चित गरिनेछ । यसको लागि खानेपानीको गुणस्तर परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२६. सिद्धार्थ राजमार्गमा र अन्य सार्वजनिक क्षेत्रहरुमा सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ । प्राथमिकताको आधारमा थप सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालन गरिनेछ ।

२७. फोहोर वस्तुको प्रशोधन र पुनःप्रयोग गर्ने तथा फोहोर बस्तुबाट नयाँ वस्तु उत्पादनमा कार्य गरिरहेका सामुदायिक संस्था, निजी, गैर सरकारी संस्थासंग सहकार्य गरिने छ ।फोहोरमैला संकलन र व्यवस्थापन कार्यलाई दिगो तुल्याउन सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप निजी संघ संस्थासंग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ ।

२८. गाउँपालिकाको जलस्रोत सम्बन्धी कानून निर्माण गरी गाउँपालिका स्तरिय जलस्रोत समिति गठन गरी सक्रिय र प्रभावकारी बनाइनेछ । गाउँपालिका भित्र रहेका प्रदुषणको जोखिम देखिएका मुहानहरुको पहिचान गरी संरक्षण, सम्बर्द्धन र प्रयोग गर्दै लगिनेछ ।

२९. गाउँपालिकामा हुने अत्याधिक पाईपको मागको समस्या समाधान गर्न प्राविधिक लागत अनुमानको आधारमा कृषि फार्ममा सिंचाई, खानेपानीका लागि व्यक्तिगत रुपमा पाईप माग गर्ने नागरिकलाई ५० प्रतिशत अनुदानमा पाईप उपलब्ध गराइनेछ।

३०. खानेपानी गुणस्तरलाई मध्ये नजर गर्दै ठुला योजना, विद्यालयहरुलाई समेटिने गरी खानेपानीको गुणस्तर जाँचलाई निरन्तरता दिईनेछ । साथै विद्यालयहरुमा स्वच्छ र सुरक्षित पानीको पहुँच पुर्याउन पहल गरिनेछ ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धि नीति**

३१. महिला, पुरुष, बालबालिका ,ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति ,दलित ,आदिवासि जनजाति तथा अन्य पछाडि पारिएका समुदायको समान अवसर र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ । स्थानीय तहको नीति योजना कार्यक्रम तथा बजेट निर्माण प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको सिद्धान्त अवलम्बन गरिनेछ ।

३२. लैङ्गिक हिंसा, घरेलु हिंसा, बालविवाह ,मानव बेचविखन तथा छुवाछुतजस्ता सामाजिक कुरिति अन्त्यका लागि सचेतना तथा महिला तथा किशोरीहरुको शिक्षा नेतृत्व विकास र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।

३३. लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशिकरण परिक्षण गरिनेछ। स्थानीय तहका कर्मचारी जनप्रतिनिधि तथा सरोकारवालाहरुको जेडसि सम्बन्धि क्षमता विकास र संवेदनशीलता अभिवृद्धि गरिनेछ ।

३४. गाउँपालिका भित्र रहेका अपाङ्गता भएका नागरिकहरुको सहज पहुँच तथा जीवनयापनमा सहजता पुर्याउन समयमै अपाङ्गता परिचयपत्र वितरण कार्य गरिने छ। अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गताको प्रकृतिको आधारमा क्षमता विकास गरी आय आर्जन वृद्धि गर्ने कार्य र अपाङ्गता रोकथाम तथा पुर्न स्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।अपाङ्गता मैत्री बालमैत्री ज्येष्ठ नागरिक मैत्री तथा लैङ्गिकमैत्री पूर्वाधार र सेवा प्रवाहलाई प्राथमिकता दिईनेछ ।

३५. ज्येष्ठ नागरिक सम्बन्धि तथ्यांक अद्यावधिक गरी उनीहरुहरुको आवश्यकता अनुसार योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ । ज्येष्ठ नागरिक क्लब, मिलन केन्द्र तथा मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरी सकृय जीवनयापनमा प्रोत्साहन गरिनेछ ।

३६. एकल महिलाको जीविकोपार्जन आत्मनिर्भरता तथा उद्यमशिलता विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ। एकल महिलाको सामाजिक आर्थिक तथा राजनीतिक सशक्तिकरणलाई प्राथमिकता दिईनेछ ।

३७. अपाङ्गता भएका बालबालिका तथा युवाहरुका लागि विशेष शिक्षा छात्रवृत्ति तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । साथै अपाङ्गता व्यक्तिको तथ्यांक अद्यावधिक गरी आवश्यकतामा आधारित योजना तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. जातीय विभेद छुवाछुत तथा सबै प्रकारका सामाजिक भेदभावको अन्त्यका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ। आदिवासी जनजाति ,दलित समुदायलाई कानुनी अधिकार,मानव अधिकार तथा सामाजिक न्यायसम्बन्धि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ साथै आवश्यक नीति तथा कार्यविधि निर्माण गरीनेछ ।

३९. जेष्ठ नागरिक परिचय-पत्र एवं सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज बनाउदै उनीहरूको ज्ञान, सीप र अनुभवको सदुपयोग गरी सामाजिक तथा आर्थिक विकासमा पुर्याएको योगदानको आधारमा जेष्ठ नागरिक सम्मान कार्यक्रम तथा जेष्ठ नागरिकहरूको उचित स्याहार-सुसार तथा आदर गर्ने परिवार वा संरक्षकलाई पुरस्कृत तथा सम्मान गर्न विशेष कार्यक्रम लगायत निजहरूको जीवनयापनमा सहजीकरणका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। बालमैत्री स्थानीय शासन कार्यान्वयन रणनीतिक योजना अनुसार तिनाउ गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गरी दिगोपनाका कार्यक्रमहरु अगाडी बढाइनेछ।

४०. गाउँपालिका भित्र सेवा प्रवाह गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाको कार्य सम्पादनलाई गाउँपालिकाको उदेश्य र आवश्यकता बमोजिम कार्य गर्न/ गराउन सूचीकृत तथा अनुमति लिईमात्र काम गर्न पाउने नीति लिइनेछ ।

**<u>सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सम्बन्धि नीति:</u>**

४१. गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरूको कानूनी पहिचान सुनिश्चित गर्न, व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत पुर्याउन र सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी एवं सुलभ बनाउन अनलाइन प्रविधिको विकास, जनशक्ति क्षमता अभिवृद्धि र समुदायस्तरमा व्यापक सचेतना अभियान सञ्चालन गरिनेछ ।

४२. वडास्तरीय व्यक्तिगत घटना दर्ता अभिमुखीकरण कार्यक्रम अन्तर्गत गाउँपालिकाका सबै वडाहरूमा रैथाने तथा लक्षित समुदायलाई समेट्ने गरी व्यक्तिगत घटनादर्ता सम्बन्धी सघन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। व्यक्तिगत घटना दर्तालाई प्रवर्द्धन गर्न र तोकिएको समयभित्रै दर्ता गर्ने बानीको विकास गर्न पालिकाव्यापी रूपमा "व्यक्तिगत घटना दर्ता अभियान" संचालन गरिनेछ ।

**भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा सम्बन्धि नीतिः**

४३. बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवश, स्थानीय मौलिक संस्कृति, भेषभुषा संरक्षण एवं प्रवर्धन गर्न र उक्त दिवशहरुमा नैतिक शिक्षा, योग साधनाको महत्व सान्दर्भिकताका विषयमा चेतना जगाउने र जनसहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृतिको संरक्षण तथा संवर्धन गर्दै लगिनेछ ।

४४. स्थानीय तहका सांस्कृतिक डबली संग्रहालय तथा बाद्यबादनहरुको संरक्षण एवंम् संवद्धन गर्दै लगिनेछ

## आर्थिक विकास

**कृषि विकास सम्बन्धि नीति**

४५. तिनाउ गाउँपालिकाको कृषिको यान्त्रीकरण, ब्यावसायीकरण, आधुनिकीरकण तथा बजारीकरणको नीतिलाई निरन्तरता दिदै लुम्बिनी प्रदेश सरकारसगँको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धिमा कृषकहरुलाई प्रोत्साहन गरिनेछ। उच्च सम्भावना भएका कृषि उपजहरुको पहिचान गरी त्यसको उत्पादनमा जोड दिइनेछ। उत्पादनमा आधारित अनुदानको दरमा वृद्धि गरिनेछ। तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र मार्फत कृषि उपज बिक्री वितरण गर्ने कृषकलाई **उत्पादनमा आधारित अनुदान** वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४६. कृषिको माध्यमबाट आय आर्जन एवं स्वःरोजगार सिर्जनाको लागि प्रत्येक वडामा कम्तिमा एक कृषि उपज पकेट क्षेत्र अवधारणाको कार्यावन्यन थप प्रभावकारी बनाउदै मल बिउ औजार तथा कृषि उपकरण लगायतको सहायतालाइ थप वस्तुनिष्ट, ब्यवस्थित र मागमा आधारित बनाइनेछ। व्यवसायिक कृषि गर्न इच्छुक कृषकहरुलाई मागमा आधारित विशिष्टिकृत तालिमहरु उपलब्ध गराइनेछ ।

४७. गाउँपालिका क्षेत्रभित्र कृषि उपज उत्पादनमा प्रयोग हुने रासायनिक बिषादीलाई न्यूनिकरण गरी जनताको स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । कृषिजन्य उत्पादनमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरी जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायु परिवर्तन अनुकुलनका खेति प्रणालीलाई प्राथमिकता दिइनेछ ।

४८. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ कार्यक्रम मार्फत थप कार्यक्रमहरु संचालन गरिनेछ । व्यवसायिक कृषि गर्ने क्षेत्रमा सिंचाइको सुविधालाइ थप प्रभावकारी बनाइनेछ ।

४९. गाउँपालिका अन्तर्गत कृषकको माटो परीक्षण गरि आवश्यकतानुसार माटोको आधुनिक उपचारका लागि मिनी स्वायल ल्याबको व्यवस्था गरिने छ। एकीकृत शत्रुजीव व्यवस्थापन सम्बन्धि व्यवहारिक तथा प्रयोगात्मक ज्ञान प्रदान गर्ने उद्देश्यले आई.पि.एम. कृषक पाठशाला कार्यक्रम संचालन गरिनेछ। बिभिन्न बालीनालीमा लाग्ने रोग किरा व्यवस्थापनको लागि रोगकिरा देखिएको क्षेत्रमा कृषि प्राबिधिक परिचालन गरि बाली उपचार शिबिर मार्फत रोगकिरा पहिचान गरि आवश्यक परामर्श तथा बिषादी उपलब्ध गराउने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

५०. गाउँपालिका भित्र सुन्तला, किवी, लिंची, आँप, ड्रागन फ्रुट लगायतका अन्य फलफुल उत्पादनको सम्भाव्य स्थानको खोजी गरी व्यवसायिक रुपमा खेती गर्ने कृषकहरुलाई प्रोत्साहन गरिनेछ । बेमौसमी तरकारी उत्पादन गर्ने कृषकहरुको लागि स्थायी तथा अस्थायी टनेल निर्माण कार्यक्रम संचालन गरिनेछ ।

**<u>पशु सेवा सम्बन्धि नीति</u>**

५१. पशु विकास, दुग्ध उत्पादन सहकारीको प्रवर्द्धन र विकासका लागि आधुनिक प्रविधि मार्फत गाउँपालिकामा भएका सहकारी र कृषक समूह तथा व्यवसायीक पशुपन्छी पालन कृषकहरुलाई व्यावसायिक तालिम प्रदान गरिनेछ। गाउँपालिकामा उत्पादित पशु जन्य उपजहरुको बजारीकरण र व्यवस्थापनका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

५२. पशुपालन व्यवसायलाई सजिलो र उत्पादन मुलक बनाउन आधुनिक कृषि प्रणाली अवलम्बन गरिनेछ। यस कार्यका लागि ५० प्रतिशत अनुदानमा यन्त्र, औजार र उपकरण उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ । व्यवसायिक रुपमा पशुपालन व्यवसाय सञ्चालन गर्ने उत्कृष्ठ कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ।

५३. मासु उत्पादनका लागि पाडा पाल्ने कृषकहरुका लागि पाडा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिदै पशुपालन क्षेत्रमा दुध तथा मासुको उत्पादनमा आधारित अनुदानलाई बृद्धि गरिनेछ ।

५४. नश्ल सुधारको लागी पचास प्रतिशत अनुदानमा उन्नत जातको गाई, भैसि, बोका, बाख्रा, बंगुर वितरण तथा कृत्रिम गर्भाधान कार्यको विस्तार गरिनेछ । पशुपन्छी बिमा गर्न कृषकलाई प्रोत्साहन गरिनेछ। पशुपालन व्यवसायलाई प्रभावकारी बनाउन तालिम सञ्चालन, औषधि वितरण, समूह, सहकारी र फर्मलाई गोठ सुधार, गोठ निर्माण, खोर निर्माण, खोर सुधार, घाँस वितरण र ढूँड टाट्नो निर्माण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. पशुपन्छीको उपचार सेवालाई थप प्रभावकारी बनाउन प्रत्येक वडामा पशु सेवा स्वास्थ्य प्राविधिक व्यवस्थापन तथा पशुपंक्षी उपचार शिविर संचालन गरिनेछ ।पशुपन्छी स्वास्थ्यमा देखा पर्ने प्रमुख माहामारीजन्य रोगहरुको निराकरणका लागी प्रत्येक वडाहरुमा पशुपन्छी खोप कार्यक्रम संचालन गरीनेछ।

**<u>उद्योग तथा पर्यटन सम्बन्धि नीतिः</u>**

५६. तिनाउ गाउँपालिकामा रहेका ऐतिहासिक, धार्मिक स्थलहरू र मठ मन्दिरहरूको प्रवर्द्धन तथा प्रचार प्रसार गरिनेछ। गाउँपालिकामा होम स्टे पर्यटनलाइ विकास गर्न गाउँपालिका होम स्टे प्रर्वद्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

५७. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरूको विकास, निर्माण गरी पर्यटन प्रर्वद्धनका माध्यमद्धारा स्थानीय रोजगारी श्रृजना गर्ने र पर्यटन प्रर्वद्धनका लागि सडकको पहुँच पुर्याउन पहल गरिनेछ ।

५८. परम्परागत रूपमा स्थानीय स्तरमा सञ्चालनमा रहेका सिप तथा व्यवसायीहरूलाई प्रवर्द्धन गरिनेछ।

**<u>श्रम तथा रोजगार सम्बन्धि नीतिः</u>**

५९. साविकको रोजगार सेवा केन्द्रलाई 'रोजगार, सीप तथा उद्यमशीलता केन्द्र' मा बिकास गरी श्रम बजार विश्लेषण, सीप विकास, उद्यमशीलता तथा बैदेशिक रोजगार सम्बन्धी परामर्श सेवा एकै थलोबाट एकीकृत सेवा प्रवाह प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

६०. तिनाउको स्थानीय बजारको माग अनुसार बजारमुखी छोटो अवधिको मागमा आधारित सीप विकास तालिम सञ्चालन गरिनेछ।

६१. बिदेशबाट फर्किएका आप्रवासीहरूको पुनः एकीकरण गर्न वैदेशिक रोजगारीबाट पूँजी र प्रविधि लिएर फर्केका तिनाउका युवाहरूलाई व्यवसाय योजना निर्माण र प्रविधि हस्तान्तरण मार्फत स्वरोजगार बनाइनेछ । साथै बैदेशिक रोजगारलाई सुरक्षित बनाउनका लागी थप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६२. स्थानीय खानी, क्रसर उद्योग, होटल व्यवसाय तथा तिनाउ गाउँपालिकासँग जोडीएका शहरहरुका उद्योग, ब्यवसायी तथा निजीक्षेत्र सँग समन्वय गरी 'कार्यस्थलमा आधारित सिकाइ' का साथै 'जव लिङ्क' गर्ने कार्यलाइ अगाडी बढाइनेछ ।

६३. तिनाउ गाउँपालिकामा सिप बिकास तालिम लिएका ब्यक्तीहरुको तथ्यांक अद्यावधिक गर्ने र उनीहरुको तालिम पश्चातको अवस्थाबारे अध्ययन गरि अभिलेखीकरण गर्ने तथ्याकं ब्यवस्थापन कार्यको सुरुवात गरिनेछ ।

**सहकारी सम्बन्धि नीति**

६४. सहकारी संस्थाहरुलाई पालिकाको नीति तथा कार्यक्रम अनुसार कार्य गर्न उत्प्रेरित गराउनको लागि प्रोत्साहन, क्षमता अभिवृद्धि, अनुगमन, सहकारी शिक्षा तथा सहयोगका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६५. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थालाइ प्रचलित कानूनको दायरामा ल्याइनेछ। साथै अव्यवस्थित एवं अमुर्त रुपमा संचालन भएका संस्थाहरुलाई विषय र उद्धेश्य मिलान हुने गरी एकीकरण एवं खारेजी गर्दै वर्तमान अवस्थामा देखा पर्नसक्ने सहकारी संस्थाको समस्या सम्बन्धमा सहकारी सम्बन्धी सरोकारवाला सबैलाई सचेत गराईनेछ ।

६६. विद्युतीय प्रणाली मार्फत सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिने कार्यलाई अगाडी बढाई थप प्रभावकारी बनाइनेछ। सहकारीलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गराइनेछ ।

६७. उत्पादन वृद्धि, आयआर्जन वृद्धि र रोजगारी सृजनाको लागि कृषि, बहुउद्देशीय, बचत तथा ऋण र अन्य प्रकृतिका सहकारीहरुलाई उद्देश्य अनुसार कार्यगर्न प्रोत्साहित गरिनुको साथै साझेदारीका कार्यक्रम सञ्चालन गरिने छ।

## भौतिक पुर्वाधार विकास

**पूर्वाधार विकास नीतिः**

६८. "गुणस्तरीय पूर्वाधार, सुरक्षित तिनाउ र समुन्नत गाउँपालिकाको आधार" भन्ने मूल नाराका साथ पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भौतिक पुर्वाधार सडक, ढल, पेटी, खानेपानी, बिद्युत, टेलिफोन आदिको गुणस्तरियता कायम गर्न संघीय र प्रादेशिक निकायहरु बिच समन्वय गरी व्यवस्थित रुपमा निर्माण कार्य सञ्चालन गर्न पहल गरिने छ। योजना कार्यान्वयनमा समयपालना, गुणस्तर र जवाफदेहितालाई सुनिश्चित गर्न पहल गरिनेछ । सम्पन्न भएका ठुला योजनाहरुको प्राथमिकताका आधारमा सार्वजनिक परीक्षण कार्यको थालनी गरिनेछ ।

६९. गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न ग्रामीण सडक गुरुयोजना अनुसार आगामी दिनमा निर्माण गर्ने सडकहरुको वर्गीकरण गरी सडकको ढलान, कालोपत्रे, सडक ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरी सडकको लगत व्यवस्थित गरिनेछ । सडक निर्माणसँगै नाली, कल्भर्ट,

ड्रेनेज, गार्डवाल तथा सडक सुरक्षा संरचना निर्माणलाई अनिवार्य गरिनेछ । आवश्यक स्थानहरूमा झोलुङ्गे पुल तथा मोटरेबल पुल निर्माण तथा स्तरोन्नतिका लागि संघीय सरकार र प्रदेश सरकारसगँको समन्वय गरिनेछ । नियमित सडक मर्मत कार्यक्रम सञ्चालन गरी सडक सम्पत्तिको संरक्षण गरिनेछ ।

७०. विकासलाई दिगो र गुणस्तरीय बनाई अपेक्षित प्रतिफल हासिँल गर्न साना तथा टुक्रे योजना हटाई नागरिकको आबश्यकताका आधारमा प्राथमिकताका साथ ठुला र बहुवर्षीय योजनाहरु कार्यान्वयनमा ल्याईनेछ। गाउँपालिकाका सबै वडा केन्द्रहरूलाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालसँग जोड्न मुख्य सडकहरुलाई ढलान गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

७१. योजना छनोटमा आवश्यकता, जनसंख्या लाभान्वित संख्या, उत्पादन तथा आर्थिक प्रभाव र लागत प्रभावकारितालाई आधार बनाइनेछ । नयाँ आयोजना भन्दा सञ्चालनमा रहेका तथा अधुरा योजनाहरू सम्पन्न गर्न प्राथमिकता दिइनेछ । स्थानीय कला, संस्कृति तथा पहिचान झल्कने संरचना निर्माणलाई प्रोत्साहन गरिनेछ ।

७२. संघीय सरकारको नीति बमोजिम जिल्ला प्रशासन कार्यालयको सहकार्यमा गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ पहल गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुलाई बालमैत्री उद्यान, योगापार्क तथा ज्येष्ठ नागरिक मैत्री पार्कहरु र खुला क्षेत्रहरुको रुपमा विकास गरिनेछ ।

७३. गाउँपालिका क्षेत्रभित्र निर्माण सम्पन्न भइसकेका घर भवनको नियमानुसार सूचिकरण, अभिलेखिकरण तथा अब निर्माण हुने घर, भवनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियमानुसारको प्रक्रिया पूरा गरी घर, भवन निर्माण पूर्ब नै अनिबार्य रुपमा नक्सा पास गर्नु पर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७४. सार्वजनिक भवनहरूलाई अपाङ्गमैत्री तथा भूकम्प प्रतिरोधी बनाइनेछ । विद्यालय तथा स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार सुधारलाई प्राथमिकतामा राखिनेछ । जीर्ण तथा जोखिमयुक्त सार्वजनिक भवनहरूको मर्मत, पुनःनिर्माण तथा स्तरोन्नति गरिनेछ । सार्वजनिक भवनहरूलाई अपाङ्गमैत्री तथा भूकम्प प्रतिरोधी बनाइनेछ ।

७५. टोल विकास संस्थालाई विधिवत दर्ता प्रकृयामा लगी कानूनी मान्यता प्रदान गरि थप व्यवस्थित र जिम्मेवार बनाई उपभोक्ता समितिले सम्पादन गर्ने गरेका कार्यलाई टोल विकास संस्था मार्फत कार्यान्वयनको सुरुवात गरिनेछ ।

७६. भौतिक पूर्वाधारसँग सम्बन्धित योजनाहरुको निर्माण, संचालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्यलाई प्राथमिकता साथ अघि बढाईनेछ ।

७७. कुनै पनि योजना सामान्य मर्मत संभारबाट पुनः सुचारु गर्न सकिने अवस्था रहेको छ भने त्यस्तो योजनालाई मर्मत संभार गरि सञ्चालनमा ल्याइनेछ । सो योजनाको नयाँ बजेट विनियोजन गरिने छैन ।

७८. संघीय सरकारको नीति वमोजिम संघीय सरकार सँगैको सहकार्यमा भूमिहिन दलित र भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्यमा आवश्यक सहजीकरण गरिने छ ।

## संस्थागत विकास तथा सुशासन

७९. गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निश्पक्ष, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन कार्यालय छिर्ने बित्तिकै सेवाग्राहीलाई सहज रुपमा सेवा प्रवाह गर्न कार्यालय मार्फत शाखागत रुपमा सहजीकरण गरि सेवा प्रवाह एकल विन्दुको ब्यवस्था, भिडभाड व्यवस्थापन र पालो प्रणाली पारदर्शी बनाउन र कार्यालयका कामकाजको लागि चाहिने नागरिकका कागजातहरुको फोटोकपी गर्न स्मार्ट फ्रन्ट डेस्क र टोकन प्रणाली लागु गरिनेछ । यो ब्यवस्था क्रमशः वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा समेत लागु गरिनेछ ।

८०. नवयुवाहरुको माग बमोजिम सेवा प्रवाहलाई चुस्त वनाई कागजात पुगेको अवस्थामा तत्कालै नियमित खालका सिफारिसहरू र अन्य सेवाहरु समेत यथाशक्य छिटो उपलब्ध गराउने नीति कार्यान्वयन गरिनेछ । यसका लागि कर्मचारीहरूको कार्यक्षमता बढाउन सार्वजनिक खरिद, लेखा प्रणाली, कृतिम बौद्धिकता र नेतृत्व विकास सम्बन्धी नियमित तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्नुका साथै सबै वडा कार्यालयहरूमा भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट र जनशक्तिको उचित व्यवस्थापन गरी वडालाई समेत सेवा प्रवाहको प्रमुख हवको रुपमा विकास गरिनेछ ।

८१. प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख र वडा सचिवसम्म कार्यसम्पादन सम्झौता गरी नतिजाका आधार, उत्कृष्ट कार्य गर्ने, समय पालना गर्ने र स्थानीय शासन कार्यसम्पादन मूल्याँकन प्रणाली (LGPAS) मा डाटा प्रविष्टि गरी सबैभन्दा धेरै नम्वर ल्याउने कर्मचारीलाई सार्वजनिक रूपमा सम्मान र नगद प्रोत्साहन सहित महिनाको उत्कृष्ट कर्मचारी घोषणा गरिनेछ ।

८२. नियमित सेवा प्रवाह गर्दा कर्मचारीमा आउने मानसिक तनाव कम गर्न र सेवाग्राहीसँग गर्ने व्यवहार सुधार्न मनोवैज्ञानिक तथा उत्प्रेरणात्मक तालिम सञ्चालन गर्ने, अन्तर-पालिका अध्ययन भ्रमणको माध्यमबाट कर्मचारीहरुलाई उत्प्रेरित बनाउनुका साथै उत्कृष्ट कार्य गरेका अन्य पालिकाहरूमा कर्मचारीहरूलाई अध्ययन भ्रमणमा पठाई त्यहाँका असल अभ्यासहरू तिनाउमा लागू गरिनेछ ।

८३. नयाँ ऐन, कानुन, बजेट निर्माणको प्रक्रिया र योजना तर्जुमाका सिद्धान्तहरूबारे विषयविज्ञहरू ल्याएर जनप्रतिनिधिहरूका लागि सघन आवासीय कार्यशाला सञ्चालन गरिनेछ । जनप्रतिनिधिहरूले योजना छनोट गर्दा भौतिक पूर्वाधार मात्र नभई वातावरण, लैंगिक समानता र गरिबी निवारणका क्षेत्रमा कसरी बजेट विनियोजन गर्ने भनी 'SDG Guide' तालिम सञ्चालन गरिनेछ ।

८४. जनप्रतिनिधि र नागरिकबीच सिधै संवाद गराउन महिनाको एक पटक गाउँपालिकाको फेसवुकपेजबाट 'फेसबुक लाइभ' मार्फत कार्यालयका विकास, सेवा प्रवाह र नागरिकका वास्तविक समस्यावारे जानकारी लिन र विदेशिएका तिनाउका युवाहरुसगँ अन्तरक्रिया गर्न "भर्चुअल चौतारी" कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. गाउँपालिका स्थापना देखी रहेको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ । रिक्त पदहरू प्रदेश लोक सेवा आयोगमार्फत पूर्ति गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाइने र नीति तथा कार्यक्रमको प्रभावकरी कार्यान्वयनका लागि प्रत्येक ३/३ महिनामा कार्यपालिका सदस्यहरू र शाखा प्रमुख र वडा सचिवहरूको संयुक्त बैठक राखेर बजेट खर्चको अवस्था र सेवा प्रवाहको अवरोधबारे खुला छलफल गरी संयुक्त कार्यसम्पादन समीक्षा वातावरण बनाईनेछ ।

८६. गाउँपालिकाले गर्ने सम्पूर्ण आय व्यय, उपभोक्ता समितिको विवरण तथा गाउँपालिकाबाट वितरण गरिएको अनुदान लगायतको विवरण नागरिकले सहजै हेर्न सक्ने गरी वेबसाइटमा राख्ने ब्यवस्था मिलाईनेछ ।

८७. लाभग्राही समुदायले योजनाको काम गर्दा कागजातहरु पुर्याउन सहजीकरण गर्न आवश्यक अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । समयमै गुणस्तरीय काम गर्ने लाई उचित सम्मान गरिनेछ ।

८८. भौगोलिक विकटताका कारण पालिकाभन्दा टाढा रहेका नागरिकका लागि एकीकृत घुम्ति शिविर मार्फत सेवा प्रवाह गरी **"नागरिकको सरकार, नागरिककै ढोकामा"** भन्ने मान्यतालाई कार्यान्वयन गरिनेछ ।

## <u>वन वातावरण तथा विपद ब्यवस्थापन</u>

८९. विपद् उद्धार कार्यमा प्रयोग हुने सामाग्री तथा उपकरण खरिद गरी प्रत्येक वडामा राखी विपदको अवस्थामा वडा स्तरीय विपद् व्यवस्थापन समिति र सिद्धार्थ राजमार्गमा हुने दुर्घटनामा परेका

घाईतेहरुलाई उद्धार गर्न र पहिरो खुलाउन आवश्यक पर्ने सामाग्रीहरु दोभान प्रहरी चौकीमा राखी परिचालन गर्ने व्यवस्थालाई गरिनेछ । विपदमा परेका नागरिकलाई गाउँपालिकाबाट विपद् पश्चातको उद्धार तथा खोज, पुनःस्थापना, राहत वितरण जस्ता कार्य तत्कालै गरिने ब्यवस्था मिलाईनेछ ।

९०. गाउँपालिका क्षेत्रभित्र रहेका जोखिमयुक्त क्षेत्र र स्थानहरु तथा वस्तीको पहिचान तथा प्राथमिकीकरण गरी विपद् जोखिम न्यूनीकरणका योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

९१. विपद्का क्रममा उद्धार कार्यका लागि दक्ष जनशक्ति तयार गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । विपद्को समयमा उद्दार गर्न सुरक्षा निकायको सहकार्यमा विपदमा उद्धार सम्बन्धी पुर्व अभ्यास कार्यक्रम संचालन गरी हरेक वडामा एक तालिम प्राप्त विपद् उद्दार समुह गठन गरिनेछ ।

९२. भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ।

९३. गाउँपालिकाका पुर्वाधार निर्माणमा विपद् जोखिम न्यूनीकरणका अवधारणाहरुलाई अवलम्वन गरिने छ । पहिरो तथा भूक्षय प्रभावित सडक खण्डहरूमा ग्याबिन वाल, रिटेनिङ वाल, बायो–इन्जिनियरिङ तथा संरक्षण कार्य सञ्चालन गरिनेछ ।

९४. तिनाउ खोला तथा सहायक खोलाहरूबाट हुने कटान नियन्त्रणका लागि तटबन्ध तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ । नदीजन्य विपदबाट कृषि भूमि तथा सार्वजनिक सम्पत्तिको क्षतिलाई न्यूनीकरण गर्ने उपायहरु अवलम्वन गरिनेछ । तिनाउ खोला र गाउँपालिका भित्रका ताल तलैयामा जलचर संरक्षणका उपायहरु अवलम्वन गरिनेछ ।

**आदरणीय गाउँ सभा सदस्य ज्यूहरु!**

प्रस्तुत नीति तथा कार्यक्रम तयारी प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यु, वडा अध्यक्षज्यूहरू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँ सभाका सदस्यज्यूहरू, तथा कर्मचारीज्यूहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमाका सिलसिलामा राजनैतिक दलका प्रतिनिधिज्यूहरू, पदाधिकारीज्यूहरूको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुर्याउनु हुने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था, नागरिक समाज, उद्योगी, व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी साथीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता, सोको सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै राजनीतिक दल, गाउँ कार्यपालिकाका पदाधिकारी, गाउँ सभाका सदस्य, नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरू, कर्मचारी एवम् आम तिनाउबासीको संयुक्त प्रयास आवश्यक छ । सदा झै तिनाउबासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भइरहने आशा एवम् विश्वास लिएको छु ।

धन्यवाद ।

०५ आषाढ, २०८३
प्रेम श्रेष्ठ
सभाध्यक्ष